# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, मंसिर १५ गते २०६० साल (संख्या ३३


## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

**संस्था दर्ता (आठौं संशोधन) नियमावली, २०६०**

संस्था दर्ता नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, संस्था दर्ता ऐन, २०३४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "संस्था दर्ता (आठौं संशोधन) नियमावली, २०६०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. संस्था दर्ता नियमावली, २०३४ को नियम ३ मा संशोधनः संस्था दर्ता नियमावली, २०३४ (यसपछि 'मूल नियमावली" भनिएको) को नियम ३ मा रहेको "एकसय रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "एक हजार रुपैयाँ) भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को,

(१) उपनियम (२) मा रहेको "एकसय रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "पाँचसय रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (४) मा रहेका "२०६० साल आषाढ मसान्तसम्म" भन्ने शब्दहरू झिकिएका छन् ।

आज्ञाले,
अनन्तराज पाण्डे
श्री ५ को सरकारको सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित



आधिकारिकता मुद्रित प्रतिमात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।